*थाहा नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम:*

१. थाहा नगरपालिकाको समग्र गुरु योजना (Master Plan)निर्माण गरी नगरको विकास कार्य सोही अनुसार क्रमशः कार्यान्वयन गरिने निति लिईने छ ।

२. नगर क्षेत्रको सम्पूर्ण बिबरण खुल्ने गरी नगर प्रोफाइल तयार गरी आगामी आर्थिक वर्ष देखी बजेट तथा योजना तर्जुमा कार्यक्रमलाई अझ ब्यबस्थित बनाइनेछ ।

३. त्रिभुवन राजपथ अन्तर्गत मकवानपुरको भैसेदेखि नौबिसेसम्मको सडक छेउछाउका ढुङ्गामा मूर्तिकलाका माध्यमबाट पर्यटन प्रवर्द्धन गर्दै पर्यटन मार्गको रुपमा विकास गर्दै नगरको एउटा स्थान पहिचान गरी उक्त स्थानमा अन्तराष्ट्रिय मूर्तिकला गरी थाहा स्मारकको रुपमा विकास गर्ने नीति लिइनेछ ।

४. नगरपालिकाको बजेटबाट निर्माण भएका प्रत्येक सडकको दायाँबायाँ वृक्षारोपण गरी हरियाली थाहानगरको रुपमा विकास गरिनेछ ।

५. थाहा नगर भित्रका ६ वटै भेगहरुमा कम्तिमा एक एकवटा पर्यटकीय स्थलहरुको पहिचान गरी ती स्थलहरुलाई पर्यटकीय स्थलहरुमा विकास गरिनेछ ।

६. सामाजीक सुरक्षा भत्तालाई बैकिंग प्रणालीबाट वितरण गर्ने कार्यलाई निरन्तरता दिँदै असक्षमहरुको घरदैलोमा रकम बितरण गर्ने कार्यलाई निरन्तरता दिदै असक्षमहरुकोघरदैलोमा रकम वितरण गर्न बैंकहरुलाई शाखा रहित बैकिङ प्रणाली अपनाउन अनुरोध गरिनेछ ।

७. सामाजिक न्याय, सामाजिक समानता, उपलब्ध स्रोत साधनको प्रभावकारी वितरण, विकासको न्यायोचित वितरण, सामाजिक सुरक्षा जस्ता विषयमा विशेष ध्यान दिइ कार्यक्रमहरु निर्धारण र सञ्चालन गरिनेछ ।

८. नगरमा विभिन्न कार्यक्रम तथा योजनाहरु संचालन गर्दा कार्यक्रमको प्रकृतिको आधारमा नगरभित्रका गैरसरकारी संस्था, संगठित संस्था, नागरिक समाज, नीजी क्षेत्र आदिसँग सहकार्य गर्ने नीति लिइनेछ ।

९. नगरपालिकाको प्रत्येक वडामा पार्किङ स्थलको निर्माण गरी सावारी आवागमनलाई सहज बनाइनेछ ।

१०. थाहानगरको दामन सिमभन्ज्याङमा पाण्डा र चौरी संभाव्यता अध्ययन गरिनेछ ।

११. चालु खर्चको न्यूनीकरण गर्दै पुँजीगत खर्चको बढोत्तरी गर्ने, खर्चको प्रभावकारिता र प्रतिफल बढाउने, राजस्वका श्रोतहरु बढाउने, राजस्वको प्रभावकारी परिचालन गर्ने दिशामा अघि बढिनेछ ।

१२. वित्तीय सेवामा आम नागरिको पहुँच बढाउन, वित्तीय साक्षरता कार्यक्रमलाई प्रोत्साहन, सहकारी क्षेत्रको प्रोत्साहन, बैकिंग प्रणालीलाई जनताको घरदैलोसम्म पुऱ्याउने प्रयास गरिनेछ ।

१३. लघु उद्यमशीलता सिर्जना र प्रबर्धन गरी रोजगारीको विस्तारमा ध्यान दिइनेछ ।

१४. कृषि, पर्यटन र व्यापारको प्रबर्धन गर्दै स्थानीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ ।

१५. शहरी सुन्दरता प्रबर्धनका लागि बगैचा एवं पार्क निर्माण, शहरी वृक्षारोपण, बिश्रामस्थलहरुको निर्माण गरिनेछ ।

१६. फोहोर व्यवस्थापनका लागि निजी तथा गैरसरकारी क्षेत्रसँगको सहकार्यमा जोड दिई, जैविक एवं अजैविक फोहोर छुट्याउने, प्लाष्टिकजन्य पदार्थको प्रयोगमा नियमन र दुरुत्साहन, व्यवस्थित सेरिगेशन हाउसको निर्माण जस्ता क्रियाकलापमा जोड दिइनेछ ।

१७.थाहानगरलाई नमूना सामूहिक खेती, व्यवसायिक खेती र अर्गानिक खेती गर्ने स्थलको रुपमा विकास गरी देश विदेशमा प्रचार प्रसार गरी आन्तरिक र बाह्य पर्यटकहरु भित्र्याउने नीति लिइने छ ।

१८. थाहा नगर भित्र शैक्षिक क्षेत्रको विकास गरी, विभिन्न किसिमका प्राविधिक शिक्षालयको स्थापना, रिसर्च सेन्टरहरुको स्थापना, विश्वविद्यालयहरु र निजि आवाशीय विद्यालयहरुको स्थापनालाई अनुकुल बातावरण बनाई देशकै नमूना शैक्षिक गन्तव्यको रुपमा विकास गर्ने नीति लिइनेछ ।

१९. थाहा नगरमा जडिबुट्टि सम्बन्धी अध्ययन तथा अनुसन्धान गरी जडिबुटी र बनस्पतिहरुको प्रयोगबाट स्थापना गर्न सकिने उद्योगको सम्भाव्यता अध्ययन गर्ने नीति लिई टिष्टुङ र दामनको वनस्पती उद्यानलाई नगरको स्वामित्वमा ल्याउन पहल गरिनेछ ।

२०. थाहानगरको दामनमा रहेको भ्यूटावरलाई नगरको स्वामित्वमा ल्याई पर्यटन प्रवर्द्धन गरिनेछ ।

२१.साविक ६ वटै गाविसहरुमा एकीकृत बस्ति विकास गरी नमूनायुक्त पर्यटकीय गाउँहरुको पहिचान गरी प्रचार प्रसार गरिनेछ ।

२२. थाहानगर भित्रका महत्वपूर्ण धार्मिक स्थलहरुको विकास र सम्बर्धनको लागि योजना निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

२३.थाहानगरको विभिन्न क्षेत्र प्याराग्लाइडिङ सम्भाव्यता बोकेका ठाउँहरुको अध्ययन गरीनेछ ।

२४. थाहा नगरका विभिन्न भेगहरुमा रमणीय पार्क, अनुसन्धान, पिकनिक पार्क, जेष्ठ नागरिक पार्क, युवा पार्क आादिको निर्माण गर्ने नीति लिइनेछ ।

२५. हिमाली दृश्यावलोकन गर्नको लागि विभिन्न उच्च स्थलहरुमा भ्यू टावरहरुको निर्माण गर्नुका साथै पर्यटन सम्बन्धि भौतिक संरचनाहरुको निर्माण गरी संचार माध्यमबाट देश विदेशमा श्रव्य दृष्यहरुको व्यापक प्रचार प्रसारको व्यवस्था मिलाई प्रचार प्रसार गरिनेछ

२६.थाहा नगरको मुल आधारमध्ये कृषि पनि एक भएको हुँदा कृषिमा व्यापक सुधार, आधुनिकीरण र व्यवसायिकीकरणका लागि जोड दिइनेछ ।

२७. यसै वर्ष थाहा नगरपालिकाको झुम्केश्वरी मावि परिसरमा स्थापना भएको कृषि वन अनुसन्धान केन्द्रलाई सुविधा सम्पन्न बनाइ अनुसन्धान केन्द्रसंग समन्वय गरी यस क्षेत्रमा उन्नत जातको विउ उत्पादनको क्षेत्रको रुपमा विकास गरिनेछ ।

२८. थाहा नगरको छ वटै साविक गाविसबाट एक/एक जना उत्कृष्ट कृषक पहिचान गरी पुरस्कृत गरिने छ ।

२९. नगरभित्रका विद्यालयलाई बालमैत्री विद्यालय बनाउन विस्तृत अध्ययन र बालमैत्री विद्यालयका सूचकहरुका आधारमा केन्द्रीय बाल कल्याण समितिसंगको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।

३०. विद्यालयहरुमा अंग्रेजी माध्यमलाई समेत जोड दिई अँग्रेजी भाषामा नगरका बालबालिकालाई आकर्षित गर्न विदेशी स्वयंसेवकहरु ल्याउने प्रवन्ध गरी होमस्टेमा आउने विदेशी पर्यटकहरुलाई स्वयंसेवकको रुपमा विद्यालयहरुमा कक्षा लिने व्यवस्था गरिनेछ ।

३१. कृषि अनुसन्धान केन्द्रलाई भविष्यमा क्यम्पसकै रुपमा विकास गर्न प्रक्रिया अघि बढाइनेछ ।

३२.काठमाण्डौंबाट थाहा नगरपालिकासम्म मकवानपुरको उत्तरी क्षेत्रका बासिन्दा एवं पर्यटकहरुको सहज पहुचको लागि चित्लाङ थानकोट शुरुङमार्गको संभाव्यता अध्ययन गरी निर्माणको लागि संघीय सरकारमा अनुरोध गरिनेछ ।

३३.कृषिको पकेट क्षेत्रको रुपमा रहेको थाहा नगरपालिकामा बीऊ आलु तथा अन्य तरकारीजन्य उपजहरु राख्नको लागि कोल्डस्टोर निर्माण गरिनेछ ।

३४. प्राविधिक शिक्षाको पढाईलाई प्रोत्साहन गर्नको लागि हाल संचालनमा रहेका चित्लाङमा वन विज्ञान, आग्रामा सिभिल इन्जिनियरिङ, दामनमा कृषिको अध्यापन भइरहेकोमा अन्य भागहरुमा पनि क्रमशः प्राविधिक विषयलाई जोड दिने नीति लिइएको छ ।

३५.थाहानगर भित्रका सम्पूर्ण वडालाई समेट्नेरी विस्तृत सडक गुरुयोजना तयार गरिनेछ ।

३६. थाहा नगरमा पाँच वर्ष भित्र सम्पुर्ण सडकहरुलाई स्तर उन्नती गरी सबै सडक संजालहरुलाई छेउ छेउमा वृक्षारोपण गरी हरित सडक निर्माण गर्ने नीति लिइने छ ।

३७.नगरका विभिन्न भागहरुमा पक्कि पुलहरुको माग आइरहेको सन्दर्भमा संभावयता अध्ययन गरी नगरका विभिन्न भागहरुमा झोलुङ्गे पुलहरुको निर्माण, कजवेहरु निर्माणको नीति लिइनेछ ।

३८. युवाहरुलाई शरीरिक तन्दुरुस्तीका लागि खेल प्रति युवाहरुको आकर्षणलाई मध्य नजर राख्दै ईन्द्रायणी चउर प्रस्तावित राष्ट्रिय खेल मैदान नगरकै मुहार फेर्ने योजनाको रुपमा लिइ बनिसकेको डि.पि.आर. अनुसार कार्यन्वयनमा लैजाने नीति लिइएको छ

३९.नगर भित्र वार्षिक रुपमा खेलको क्यालेडर बनाइ खेलकुद प्रतियोगिता आयोजना गरिने छ ।

४०. व्यवशायमा नीजि क्षेत्रलाई प्रोत्साहन गरी होमस्टे, होटल, रिसोर्ट व्यवसायको क्षेत्रमा प्रोत्साहित गराई पर्यटन व्यवसायी बनाइ रोजगार सिर्जना गराउने नीति लिइने छ ।

४१. थाहानगरमा एक घर एक धाराको अवधारणा बनाई विस्तृत थाहा खानेपानी योजना लागू गरिने छ ।

४२. उपभोक्ता समितिहरु गठन हुँदा नाम मात्रको सहभागी हुने गरेको, उपभोक्ता समिति गठन कार्यविधिको परिपालन नगरेको, समावेशी हुन नसकेको तथा सदस्यहरु अपेक्षाकृत सक्रिय हुन नसकेको यथार्थको महशुस गरिएकै छ । यस सन्दर्भमा उपभोक्ता समितिका अध्यक्षहरुले समग्र उपभोक्ताको प्रतिनिधित्व र नेतृत्व प्रदान गर्दै पारदर्शी र जवाफदेही ढंगले काम गर्न जरुरी छ । यसका लागि उपभोक्ता समितिका अध्यक्ष तथा सदस्यहरुलाई नैतिक आचरणयुक्त, जवाफदेही तथा इमानदार बनाउन उपयुक्त अनुशिक्षण तथा कार्यशालाहरुको आयोजना गरिनेछ ।

४३. थाहा नगरको सडकहरुलाई नजिकको गाउँपालिका तथा जिल्ला र राजधानी काठमाण्डौं तथा मुख्य राजमार्गहरुमा जोड्न सकिने सम्भावनालाई प्राथमिकता दिई सोही अनुसार अन्तर स्थानीय तह तथा अन्तर जिल्ला समन्वय मार्फत् कार्यान्वयनमा जोड दिइने नीति लिइनेछ ।

४४.वैज्ञानिक वन ब्यबस्थापन, वन पैदावार व्यवस्थापन, वन्यजन्तुको सुरक्षाका लागि सम्बन्धित निकायसँग सहकार्य गरिनेछ ।

४५.सांस्कृतिक सम्पदाहरुको संरक्षण, परम्परागत संस्कृतिको प्रबर्धन, धार्मिक समपदाहरुको विकाससम्बन्धी क्रियाकलापलाई निरन्तरता दिइनेछ ।

४६. आर्थिक एवं सामाजिक रुपले विपन्न बर्ग र लक्षित बर्ग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४७. अपांगता भएका व्यक्तिको संरक्षण, ज्येष्ठ नागरिकको सम्मान, बालबालिकाको विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

४८.पालुङ प्राथमिक स्वास्थ्य केन्द्र पालुङबाट निःशुल्क ल्याब सेवा प्रदान गरिनेछ ।

४९. मदिरा तथा सुर्तिजन्य बस्तुको प्रयोग तथा बिक्रीवितरणलाई नियमन गरी लागु पदार्थ दूर्व्यसनलाई नियन्त्रण र सचेतनामूलक कार्यक्रमका लागि पहल गरिनेछ ।

५०. नगरभित्र प्रत्येक वडामा नगरपालिकाका तर्फबाट कम्तिमा एक सामुदायिक तथा व्यापारिक भवनहरुको संरक्षण गरी आम्दानीको श्रोत परिचालनको रुपमा कार्यान्वयन गरिनेछ ।

५१.नगरको प्रत्येक वडाहरुमा एक सामुदायिक पुस्तकालायहरुको स्थापना गरी उक्त पुस्तकालयलाई इलाइब्रेरीको रुपमा विकास गर्दै सार्वजनिक श्रोत केन्द्र र डाटा सेन्टरको रुपमा विकास गरिनेछ ।

५२. थाहा नगरमा झण्डै ३ दर्जन सामुदायिक वनहरु रहेको यथार्थलाई मध्यनजर गरी ती सामुदायिक वनहरुको श्रोत सर्वेक्षण तथा त्यसले शोषण गर्ने कार्वनडाइ अक्साइडको अध्ययन गरी कार्वन व्यापारबाट प्राप्त हुने रोयल्टी लिनका लागि संघीय सरकारलाई अनुरोध गरिनेछ ।

५३. भूकम्पपछिको पुनर्निर्माण, पूर्ण सरसफाइ, बालमैत्री स्थानीय शासन, लैंगिक मैत्री नगर, हिंसामुक्त नगर, प्लास्टिक मुक्त नगर, वातावरणमैत्री नगर, सुधारिएको चुल्हो प्रयोग गर्ने नगर, पूर्ण खोपयुक्त नगर लगायत नगरलाई नमुना नगर बनाउनअन्तरराष्ट्रिय संस्थाहरुलाई नगरका गैरसरकारी संस्थाहरुसँग सहकार्य गरी कार्य गर्ने गराउने नीति लिइनेछ ।

५४. चालु आर्थिक वर्ष भित्रै नगर यातायात गुरुयोजना निर्माण गरिनेछ ।

५५. वडाहरुको समानुपातिक विकास गर्न भूगोल र जनसंख्याको आधारमा आगामि वर्षबाट प्रत्येक वडाको बजेट सिलिङ बनाई उक्त बजेटलाई वडाकै निर्णयको आधारमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

५६. नगरस्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति गठन गरी उक्त समितिको परीचालनबाट समस्याग्रत स्थानहरुको पहिचान गरी लागत साझेदारीमा खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाहरु सञ्चालन गरिनेछ ।

५७. नगरभित्रको खानेपानी आयोजना तथा खानेपानी वितरण प्रणालीलाई व्यवस्थति बनाई खाने पानी व्यवस्थापन बोर्ड स्थापना गरिनेछ ।

५८. प्रकोपबाट नगरवासीको सुरक्षाको लागि समयमा प्रकोप सुचना प्रवाह तथा प्रकोप क्षेत्रमा समयमै उद्धार तथा राहत कार्यक्रम सञ्चालन गर्न विपद व्यवस्थापन कोष खडा गरिनेछ ।

५९. भुकम्प पछिको पुनः निर्माण कार्यमा निजि आवास निर्माणमा नक्सापास व्यवस्थालाई अनिवार्य गर्दै राष्ट्रिय पुनः निर्माण प्राधिकरणले तय गरेको नमुना अनुसार घर निर्माण गर्नेलाई नगरपालिकाले नक्सा पास प्रक्रियामा लिने दस्तुरमा ५० प्रतिशत र अन्य घर निर्माण गर्नेको हकमा आगामी २ वर्षका लागि २५ प्रतिशत छुट दिने नितिलाई निरन्तरता दिइनेछ ।

६०. कृषि क्षेत्रको विकासका लागि पकेट क्षेत्रहरुको पहिचान, मूल्य अभिबृद्धियुक्त उत्पादन, व्यवसायिक खेति, नगदे खेति एवं उच्च संभावनायुक्त फलफुलहरुको खेति, कृषि प्रणालीलाई व्यापार र उद्योगसँग आबद्ध गर्ने, सिंचाई, मल बीउको सहज उपलब्धता, सिचाईको विस्तारमा जोड दिइनेछ ।

६१. कृषि,स्वास्थ्य, शिक्षा, शिक्षा र वनसंग सम्बन्धीत कार्यक्त्रम विषयगत निकायसंग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

६२. प्रत्येक नागरिकको स्वास्थ्य प्रबर्धन, उचित मूल्यमा गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने, आफूले खरिद गरेको वस्तु तथा सेवाको पूर्ण जानकारी प्राप्त गर्ने लगायतका व्यवस्थाका लागि वजारको अनुगमन तथा उपभोक्ता हितको संरक्षण गर्ने कार्यलाई तीव्रता दिइनेछ ।

६३. उच्च संभावनायुक्त प्राकृतिक मनोरम एवं धार्मिक स्थानहरुको पर्यटन पूर्वाधारहरुको विकास गरी पर्यटन एवं व्यवसायिक क्षेत्रलाई आबद्ध गरी सार्वजनिक निजी क्षेत्रको सहकार्यात्मक सम्बन्ध विकास गर्दै आन्तरिक पर्यटनलाई प्रोत्साहन गरिनेछ ।

६४. अबैज्ञानिक भू उपयोगलाई नियन्त्रण गर्न, वातावरणीय व्यवस्थापन, प्राकृतिक स्रोत साधनको संरक्षण एवं उपयोगका लागि समग्र नगर क्षेत्रको वातावरणीय अध्ययन गर्ने, बाढी एवं पहिरो नियन्त्रणका लागि कार्यक्रम सञ्चालन तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६५. खनिजजन्य पदार्थको उपयोगको योजना बनाई, पूर्वाधार निर्माणलाई सम्भावित खानी तथा प्राकृतिक स्रोत क्षेत्रसँग आबद्ध गराइनेछ ।

६६. उर्जा सुरक्षालाई ध्यान दिई विद्युतको नियमित आपूर्तिका लागि पहल एवं वैकल्पिक उर्जा प्रबर्धन, सडक सौर्यबत्ति जडान गर्ने कार्यक्रममा जोड दिइनेछ ।

६७. भूकम्प, बाढीपहिरो लगायत विपद जोखिमबाट सुरक्षाको लागि वडास्तरमा खुल्ला क्षेत्रहरुको पहिचान गर्ने र ति क्षेत्रलाई पिकनिक स्पटको रुपमाविकास गर्ने तथा घना बस्तीहरुमा विपद सूचनाको साइरनको व्यवस्था गर्ने नीति लिइनेछ ।

६८. स्वेच्छिक रुपमा कर तिर्ने मनस्थितिको विकास गर्न सम्बन्धित क्षेत्रबाट उठेको करलाई सम्बन्धित क्षेत्रको समेत विकासमा आबद्ध गर्नेतर्फ ध्यान दिदै करदाता सम्मानका कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

६९. सुशासन, मौलिक हक, मानव अधिकारको प्रबर्धन, विधिको शासन स्थापना गर्ने कार्यदिशा तय गरिनेछ ।

७०. सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाउन सेवाग्राही पहुँचलाई सरल एवं सहज बनाउन, सूचना प्रवाह, सूचना प्रविधिको प्रयोग, ई-गभर्नेन्सको प्रयोग, सेवाग्राहीमैत्री संरचना, कामप्रति प्रतिबद्ध कर्मचारीतन्त्रको विकासमा जोड दिइनेछ ।

७१. प्रत्येक वडा कार्यालयलाई पूर्वाधारसम्पन्न बनाउन सात वटा वडा कार्यालयको आफ्नै निजी भवन निर्माण गरिनेछ ।

७२. अत्यूतम् नगरपालिका निर्माणका लागि अन्य स्थानीय तहसँग सहकार्य, विभिन्न राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरमा नगरपालिकासँग भगिनी सम्बन्ध स्थापित गरी अघि बढिनेछ ।

७३. डुबान, कटान तथा भु-क्षय नियन्त्रण तथा वस्ती बचाउ गर्न जिल्ला तथा केन्द्रमा पहल गरिनुका साथै २०७२ को विनासकारी भूकम्पपछिको पुर्ननिर्माणलाई सघाउ पुर्‍याउन वडास्तरीय सामुदायिक पुर्ननिर्माण समिति गठन गरी पुर्ननिर्माण कार्यलाई थप तिब्रता दिइनेछ ।

७४. राष्ट्रिय प्रसारण लाइनको पहुँच पुग्न नसकेका बस्तीहरुमा विद्युतीकरण गर्ने तथा बैकल्पिक उर्जाको व्यवस्था गर्न उचित योजना बनाई कार्यान्वयन गर्ने नीति लागू गरिनेछ आग्रा र टिस्टुङका विद्युतीकरण हुन नसकेका वस्तीहरुमा तत्काल सौर्य उर्जा तथा लघु जलविद्युत आयोजनालाई अघि बढाइ यस्तो आयोजना सञ्चालन गर्दा उपभोक्ताहरुलाई कम्तिमा ३० प्रतिशत रकम अनुदान दिने नीति लिइनेछ ।

७५. आगामी दिनमा नक्सा पास गर्दा नयाँ बन्ने घरहरुमा उर्जा प्रवर्द्धनको लागि अनिवार्य रुपमा सोलार प्यानल जडान वा शौचालय निर्माणको नितिलाई निरन्तरता दिइनेछ ।

७६. नगरका सम्पूर्ण सरकारी कार्यालयहरुमा फ्रि वाइफाइको व्यवस्था गरी सेवाग्राहीहरुलाई इन्टरनेटको माध्यमबाट सूचना प्राप्त गर्ने वातावारण बनाइनेछ ।

७७. नागरिकले वडा तथा नगर कार्यपालिकाबाट प्राप्त गर्ने सेवासम्बन्धी सूचना तथा नागरिक वडापत्रका लागि नगरपालिकाले छुट्टै एप्स निर्माण गरी नियमित रुपमा अपडेट गर्ने, नागरिकहरुलाई सुसूचित गर्न विशेष सूचना प्रदान गरिनेछ ।

७८. नगरपालिकामा सुनौलो हजार दिन, बहुपक्षीय पोषण कार्यक्रम, गरिवी निवारण कोष जस्ता कार्यक्रमहरुलाई भित्र्याउन पहल गरिनेछ ।

७९. थाहा नगरलाई बाल मैत्री नगर घोषणा गर्न बालमैत्री नगर योजना बनाई आगामी दुईवर्षभित्र बालमैत्री नगर घोषणा गर्ने नीति लिइनेछ ।

८०. नगरपालिका कार्यालयबाट प्रवाह हुने सूचना नगरपालिका क्षेत्र भित्रबाट प्रकाशन, प्रशारण हुने पत्रपत्रिका, रेडियो तथा अनलाइनहरुबाट प्रवाह गरी स्थानीय संचार माध्यमको प्रवर्द्धन गरिनेछ ।

८१. नगरको विपद् व्यवस्थापन योजना निर्माण गरी सो अनुरुप राहत, उद्दार सामग्रीको व्यवस्थापन, विपद नक्सांकन, तालिम, विपद व्यवस्थापन कोष, आपतकालीन कार्य सञ्चालन लगायतका कार्य सञ्चालन गरिनेछ ।

८२. नगरपालिकाका प्रत्येक वडामा पक्की सडक निर्माण गरी प्रत्येक वडाका केन्द्रहरुमा बजार क्षेत्रबाट सहज पहुँच स्थापित गरिनेछ ।

८३. नगर क्षेत्रभित्र अतिक्रमण गरिएका संरचना हटाउने, फुटपाथको निर्माण गर्ने लगायतबाट मुख्य बाटो र शहरलाई व्यबस्थित बनाइनेछ ।

८४. सबैका लागि स्वच्छ खानेपानी उपलब्ध गराउने गरी खानेपानी तथा सरसफाईका कार्यक्रम सञ्चालन गरिनेछ ।

८५. युवाहरुको व्यक्तित्व, नेतृत्व तथा क्षमता विकासका लागि उपयुक्त कोर्षको डिजाइन गरी कार्यक्रम संचालन गरिनेछ ।

८६. नगरको सुरक्षाका लागि एकीकृत रुपमा गर्नुपर्ने कार्यहरुको पहिचान गरी नगर सुरक्षा योजना निर्माण गरिनेछ ।

८७. आफ्नो अधिकार क्षेत्रभित्र रहेका सूचना तथा सञ्चार क्षेत्रलाई व्यवस्थित बनाउने नीति लिइनेछ ।

८८. थाहा नगरको विकासमा सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको योगदानलाई मध्यनजर गरी तीनै क्षेत्रको प्रभावकारी परिचालनलाई प्राथमिकता दिइनेछ ।

८९. स्थानीय तह सञ्चालनका लागि आबश्यक बिभिन्न नीति, दीर्घकालिन योजना तथा कानुनहरुको तर्जुमा गरी नगरपालिकाको कार्यलाई व्यवस्थित बनाइनेछ ।

९०. अगामी पाँच वर्षमा यस नगरपालिकालाई समृद्ध बनाउन नगर गुरुयोजनालाई कार्यान्वयन गर्ने नीति लिइनेछ ।

९१. नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, वित्तीय हस्तान्तरण लगायत आन्तरिक श्रोतहरुको प्रभावकारी परिचालन गरी मौद्रिक मूल्यको सार्थकता ( Value for Money) कायम गर्ने दिशामा ध्यान दिइनेछ ।

९२. नगरबासीको घर भाडा, व्यवसाय तथा सवारी साधनको लगत तयार गरी करको दायरामा ल्याउनुका साथै नेपाल सरकारका राजस्व संकलन गर्ने निकायहरुसँग सूचना प्रवाह र समन्वयात्मक रुपमा कार्य गरी आन्तरिक स्रोतको प्रबर्धन गरिनेछ ।

९३. ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्व बोकेको ऋषेश्वर क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

९४. त्रिभुवन राजपथलाई बाइरोड नभई थाहा नगरको मेन रोडकै रुपमा कायम गर्न उक्त सडकलाई व्यवस्थित गर्न संघीय सरकारसंग अनुरोध गरिनेछ ।

९५. सार्वजनिक प्रशासनयन्त्रलाई चुस्त, दुरुस्त, सेवाग्राहीमैत्री, सुशासनयुक्त, सक्षम, प्रविधिमैत्री बनाउँदै कार्यसम्पादन करारको अबधारणाई लागु गरिनेछ । संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यक जनशक्तिको पहिचान गरिनेछ ।

९६. निर्वाचित पदाधिकारी लगायत कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि बिभिन्न तालिम तथा अबलोकन भ्रमणको ब्यबस्था मिलाइनेछ ।

९७. कर्मचारी तथा जनप्रतिनीधिले पालना गर्नुपर्ने आचरणको पूर्ण परिपालन गरिनेछ ।

९८. न्यायिक अधिकारको सन्तुलित प्रयोगका साथै मेलमिलापको सिद्धान्तमा जोड दिइनेछ ।

९९. नगर क्षेत्रका सार्वजनिक जग्गाहरुको खोजी, संरक्षण, उपयोग र सार्वजनिक जग्गाहरुमा भएको अतिक्रमणलाई निरुत्साहन गर्न प्रभावकारी क्रियाकलाप सञ्चालन गरिनेछ ।

१००. दलित छात्रछात्राहरुमध्येबाट थाहानगर भित्रका साविक छ गाविसका माध्यमिक विद्यालयहरुबाट प्लस टुमा सर्बोत्कृष्ट अंक ल्याई उत्तीर्ण हुने १/१ जना छात्रछात्रालाई थाहानगर भित्रको क्याम्पसमा अध्ययन गर्न चाहेमा स्नातक प्रथम वर्षमा अध्ययन गर्नका लागि लाग्ने भर्ना र पहिलो वर्षको सम्पूर्ण शुल्क वापतको रकम पुरस्कार स्वरुप प्रदान गरिनेछ ।

१०१. थाहानगरमा प्राचीन कालदेखि हालसम्म बसोबास गर्ने सम्पूर्ण जातीहरुको परिचय झल्किने कला तथा बस्तुहरु संकलन गरी एक बहुजातीय संग्रहालयको स्थापना गने नीति लिइनेछ ।

१०२. थाहानगरमा सामाजिक परिचालनको औचित्य अझै उत्तिकै रहेकोले यसअन्तर्गत महिला, दलित, जनजाति, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न वर्ग तथा सीमान्तकृत वर्गका व्यक्तिहरुलाई सामाजिक परिचालनका माध्यमबाट सशक्तीकरण गरी विकासको मूल प्रवाहमा ल्याउन तथा स्थानीय शासनमा सहभागी गराई निर्णय प्रक्रियामा सक्रिय र जिम्मेवार बनाउन तथा सेवामा पहुँच बढाउन विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

१०३. विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थालाई समन्वय गर्नको लागि नगरकै एक गैरसरकारी संस्थालाई फोकल संस्थाको रुपमा विकास गरिनेछ ।

१०४. नगरभित्रका बैंक तथा वित्तीय संस्थाहरुलाई कार्यक्रममा एकरुपमा ल्याउन तथा बैंकको पहुँच नपुगेका ग्रामीण स्थानहरुमा कार्यक्रम विस्तार तथा संचालन गर्न उनीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१०५. अपाङ्गता भएका व्यक्तिहरुको पहुँच विस्तार तथा थप क्षमताको लागि मागका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१०६. आन्तरिक तथा बाह्यि पर्यटकहरुलाई यस थाहानगरमा आकर्षित गर्नको लागि पर्यटक सुरक्षा व्यवस्था मजबुत बनाउने नीति लिइनेछ ।

१०७. थाहा नगरको चित्लाङ, सिमभन्ज्याङ र दामनलाई पर्यटकको गन्तव्य स्थलको रुपमा विकास गर्ने नीति लिइनेछ ।

१०८. थाहानगर खुल्ला दिशामुक्त नगर भएकोले यस नगरलाई सरसफाइ युक्त नगर बनाउन थप सार्वजनिक शौचालयको निर्माणमा जोड दिइनेछ ।

१०९. कुलेखानी जलाधार क्षेत्रको ९० प्रतिशत भूभाग यस थाहानगरको क्षेत्रभित्र पर्ने भएकोले विद्युतबाट प्राप्त हुँदै आएको रोयल्टीमा थप बृद्धि गर्न संघीय सरकारसंग माग गरिनेछ ।

११०. थाहानगरलाई उज्यालो नगरको रुपमा विकास गरिनेछ ।

१११. नीति तथा कार्यक्रमलाई बजेटसंग तालमेल गरी थाहानगरको विकास गरिने नीति लिइनेछ ।

*राज्यको स्वरुप तीन तहको रहने गरी नेपालको संविधान २०७२ ले निर्धारण गरे पश्चात संघीयता कार्यान्वियनको चरणमा विभिन्न ७४४ वटा स्थानीय तहको स्थापना भएको छ । स्थानीय तहलाई जनप्रतिनिधिमूलक बनाउने क्रममा बिभिन्न चरणमा स्थानीय तहको निर्वाचन समेत सम्पन्न हुने क्रममा छ । यसै क्रममा यही २०७४।०१।३१ गते नगरपालिकाको निर्वाचन समेत सम्पन्न भई नगर सभा, नगर कार्यपालिकाले पूर्णता पाइसकेको छ । नगरबासीले उच्च विश्वासका साथ निर्वाचित गराई नगर विकासको साँचो यस निर्वाचित प्रतिनीधिहरुको हातमा सुम्पनु भएकोमा जनमतको उच्च सम्मान गर्दै नगरवासीको चाहना अनुरुप कार्यसम्पादन गर्ने प्रतिबद्धतासहित आफ्नो अमूल्य मतसहित विजयी गराउनुभएकोमा विजयी उम्मेदवारहरुको तर्फबाट धन्यबाद समेत व्यक्त गर्न चाहन्छु ।*